# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ७)  बेसीशहर, माघ ७ गते, २०८१ साल (संख्या ७**


**भाग १**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम बेसीशहर नगरपालिकाको मिति २०८१/१०/०७ को १६ औँ नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०८१

**प्रस्तावना :**

फोहोरमैलालाई स्रोतमा न्यूनिकरण, पुन:प्रशोधन, प्रयोग, वा विसर्जन गरी नगरपालिका क्षेत्र भित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गरी स्वच्छ र स्वस्थ वातावरण कायम गर्नका लागि कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचाल ऐन २०७४, को दफा १०२ (१) वमोजिम बेसीशहर  नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद — १

**प्रारम्भिक:**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “बेसीशहर नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०८१” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “नगरपालिका” भन्नाले बेसीशहर नगरपालिका सम्झनु पर्छ।

(ख) "नगर कार्यपालिका" भन्नाले बेसीशहर नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्दछ।

(ग) "प्रमुख" भन्नाले बेसीशहर नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले बेसीशहर नगरपालिकाको "बेसीशहर नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०८१" सम्झनु पर्छ।

(च) "समिति" भन्नाले फोहोरमैला ब्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, ब्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्दछ।

(ज) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदुषित फोहोरमैला सम्झनु पर्छ।

(झ) "कन्टेनर" भन्नाले फोहोरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला थुपार्ने भाँडो वा वाल्टिन वा यस्तै प्रकारको अन्य कुनै वस्तु वा साधन सम्झनु पर्छ।

(ञ) "निष्कासन" भन्नाले फोहोरमैला उत्पादन स्थानबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(ट) "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित समय सम्म राख्न वा थुपार्नका लागि नगरपालिकाले तोकेको स्थान सम्झनु पर्दछ र घरघरमा फोहोरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला संकलक वा फोहोरमैला संकलन गर्ने साधन समेतलाई जनाउँछ।

(ठ) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ। फोहरमैलाको वर्गिकरण अनुसूची (क) मा गरिएको छ।

(ण) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुण वा भौतिक स्वरुप परिवर्तन गरी कुनै उपयोगी वस्तु तयार गर्ने वा जैविक वा रासायनिक मल, ग्याँस, उर्जा वा यस्तै किसिमका अन्य भौतिक वस्तु उत्पादन गर्ने कार्य सम्झनुपर्दछ।

(त) "फोहोरमैला संकलन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट वा गैह्रकानूनी होडिङ्ग वोर्ड हटाउने वा संकलन गर्ने कार्यलाई सम्झनुपर्दछ।

(थ) “फोहोरमैला व्यवस्थापन स्थल” भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनुपर्दछ।

(द) “विर्सजन” भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्दछ।

(ध) “सामुदायिक संस्था” भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित र सहभागितामूलक टोलविकास संस्था तथा उपभोक्ता समूह र गैरसरकारी संस्था सम्झनुपर्दछ।

(न) “फोहोरमैला संकलन तथा ढुवानी साधन” भन्नाले फोहोरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनुपर्दछ।

(प) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

(फ) “वडा समिति” भन्नाले नगरपालिकाका सबै वडाहरुलाई जनाउनेछ।

## परिच्छेद–२

## फोहोरमैला संकलन तथा निस्कासन

३. **फोहोरमैला व्यवस्थापनको जिम्मेवारी:** (१) नगरपालिका भित्र उत्सर्जन भएको फोहोरमैलाको नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले एक्लै वा अन्य पालिका सँग सहकार्य गरी फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, प्रशोधन, निस्कासन वा व्यवस्थापनका लागि देहायको पूर्वाधार संरचनाको तयारी, निर्माण, संचालन वा व्यवस्थापन गर्न सक्नेछः

(क) संकलन केन्द्र वा स्थानान्तरण केन्द्र,

(ख) फोहोरमैलाको प्रशोधन केन्द्र (प्लान्ट), कम्पोष्ट स्थल (प्लान्ट) वा ग्याँसप्लान्ट,

(ग) पुनः प्रयोग हुनसक्ने फोहोरमैला प्रशोधन गर्ने प्रशोधन केन्द्र,

(घ) स्यानिटरी ल्याण्डफिल्ड साइट वा विसर्जन स्थल (प्लान्ट)।

(३) नगरपालिकाले उपदफा (२) बमोजिमका पूर्वाधार संरचनाको तयारी, निर्माण, संचालन वा व्यवस्थापनको जिम्मेवारी कुनै व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम सुम्पन्न वा हस्तान्तरण गर्न सक्नेछ।

४. **फोहोरमैला उत्सर्जन गर्नेको व्यवस्थापन गर्ने दायित्वः** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि जोखिमपूर्ण फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक वा पारोयुक्त फोहोरमैला, औद्योगिक फोहोरमैला, विकिरणजन्य वा विद्युतीय फोहोरमैला वा निर्माणजन्य

फोहोरमैलाको उपयोग, प्रशोधन वा व्यवस्थापन गर्ने दायित्व त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैलाको उपयोग, प्रशोधन वा व्यवस्थापन गर्दा त्यस्तो फोहोरमैला उपयोग, प्रशोधन वा व्यवस्थापन गर्दा पालना गर्नुपर्ने मार्ग निर्देशन (गाइडलाइन) सम्बन्धित अधिकार प्राप्त अधिकारिले जारी गरेको भए त्यस्तो मार्ग निर्देशनको पालना गर्नुपर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको शैया भन्दा कम क्षमता भएका अस्पताल, स्वास्थ्य चौकी वा उप स्वास्थ्य चौकी वा फोहोरमैला व्यवस्थापन गर्ने क्षमता नभएका सामुदायीक अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, वल्ड वैंकले स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकालाई अनुरोध गर्न सक्नेछ।

(४) कुनै सार्वजनिक स्थलमा राखिएको पोस्टर, पम्पलेट वा झण्डा तथा त्यस्तो स्थानमा कार्यक्रम गर्दा भएको फोहोरमैला हटाउने दायित्व त्यस्तो पोस्टर, पम्पलेट वा झण्डा राख्ने वा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिमको फोहोरमैला वा त्यस्तो फोहोरमैला उपयोग वा प्रशोधन गरी वाँकी रहको फोहोरमैलाको व्यवस्थापन गरिदिन कुनै उद्योग वा स्वास्थ्य संस्थाले नगरपालिकालाई अनुरोध गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सर्त पालना र सेवा शुल्क सेवा शुल्क लिई त्यस्तो फोहोरमैलाको व्यवस्थापन गर्न सक्नेछ।

(६) यस दफा बमोजिम फोहोरमैलाको व्यवस्थापन नभएमा व्यवस्थापन गर्दा लागेको खर्च सम्बन्धित व्यक्ति, संस्था वा निकायवाट नगरपालिकाले असुल गर्न सक्नेछ।

(७) उपदफा (३) वा (५) को अवस्था बाहेक उपदफा (१), (२) वा (४) बमोजिम फोहोरमैलाको व्यवस्थापन नगरेमा नगरपालिकाले त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायलाई व्यवसाय वा कारोवार संचालन गर्न रोक लगाउन सक्नेछ।

५. **फोहोरमैलाको उत्पादन कम गर्ने:** (१) कुनै ब्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पादन हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुन: प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिणामलाई घटाउनु प्रत्येक ब्यक्ति, संस्था वा निकायको कर्तब्य हुनेछ।

६. **फोहोरमैलाको पृथकीकरण:** (१) नगरपालिकाले फोहोरमैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्टाउने गरी तोक्नु पर्नेछ।

(२) उपदफा (१) अनुसार तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्टाई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने ब्यक्ति, संस्था वा निकायको

हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसमान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

**७. फोहोरमैलाको निष्कासन:**

(१) फोहोरमैला निस्कासनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहोरमैला वा रसायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम ब्यवस्थापन गर्नुपर्नेछ।

(३) हानिकारक फोहोरमैला वा रसायनिक फोहोरमैला संकलन केन्द्रमा निष्कासन गर्न पाइनेछैन।

(४) मुख्य सडक र सहायक सडक मार्गमा चल्ने सवारी साधन तथा त्यसका यात्रुहरुवाट उत्पादित फोहर निर्धारित स्थानमा जम्मा गर्ने कर्तव्य सम्वन्धित सवारी धनि, चालक वा सहचालकको हुनेछ।

**८. संकलन केन्द्र र समय तोक्ने:** (१) नगरपालिकाले फोहोरमैलालाई ब्यवस्थित रुपमा संकलन गर्न आवश्यकता अनुसार टोल वा वस्तिमा कन्टेनर राख्ने तथा संकलन केन्द्र र समय तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा सकेसम्म टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नुपर्नेछ।

**९. फोहोरमैला ढुवानी**: (१) संकलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई फोहोरमैला ब्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले ब्यवस्था गरेको संस्था वा निकायको हुनेछ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्ने छ। यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नुपर्नेछ।

(३) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले दफा ६ बमोजिम स्रोतमा छुट्टाई निष्कासन तथा संकलन गरिएको फोहोरमैलाको अलग–अलग ढुवानी गर्नुपर्नेछ।

**१०. फोहोरमैलाको न्युनिकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोग:** (१) नगरपालिकाले फोहोरमैला न्युनिकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद – ३

## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**११. फोहोरमैला व्यवस्थापन स्थल:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैला व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधिनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नका लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि संघीय सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल उपलब्ध गराउन माग भई आएमा संघीय वा प्रदेश सरकाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गरी नगरपालिकालाई उपलब्ध गराउन सक्नेछ ।

(५) नगरपालिकाले अर्का कुनै एक वा सोभन्दा बढी पालिका समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता पालिका वीच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

(६) नगरपालिकाको फोहोरमैला ब्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

(७) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(८) नगरपालिकाले उपदफा (७) बमोजिमको क्षेत्रमा पशुपन्छी, जीवजन्तु तथा मानवको अनाधिकृत प्रयोगलाई रोक लगाउने, माटो, ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातारण संरक्षण र त्यस्तो क्षेत्रको उचित ब्यवस्थापनका लागि उचित निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद–४

## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

१२. **अनुमति सम्बन्धी व्यवस्था:** (१) यो ऐन बमोजिम नगरपालिकाको अनुमती नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन।

(२) फोहोरमैला व्यवस्थापनमा संलग्न हुन चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना

(ख) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक छानबिन गरी नगरपालिकाले अनुमति दिन सक्नेछ।

(४) फोहोरमैला व्यवस्थापन, प्रशोधन, पुन: चक्रीय प्रयोग र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अवस्था नदेखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने गरी संघीय सरकारको स्वीकृत लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

(५) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **निजी क्षेत्र र सामुदायिक संस्थाबाट फोहोरमैला ब्यवस्थापनको कार्य गराउन सकिने :**

(१) नगरपालिकाले आवश्यकता अनुसार दफा १२ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा गैर सरकारी वा सामुदायिक क्षेत्रबाट दफा १४ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानूनको आवश्यक प्रकृया अबलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सवै वा कुनै र सामुदायिक वा गैर सरकारी संघसंस्थाका हकमा पनि देहायका कुनै काम गराउन सकिने छ।

(क) फोहोरमैला न्युनिकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहोरमैला संकलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको प्रयोग, पुन: प्रयोग, पुन: चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहोरमैला विसर्जन र

(च) फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै काम।

**१४. प्रतिस्पर्धा गराई फोहोरमैला ब्यवस्थापनको जिम्मा दिने :** (१) नगरपालिकाले दफा १२ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा तोकिएको विधि बमोजिम प्रतिस्पर्धा गराई छनौट पश्चात व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) बुझाउन कबूल गरेको रकम,

(ख) फोहोरमैलाबाट उर्जा शक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको स्थिति,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको दिगोपन र वातावरणीय प्रभाव न्युनिकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहोरमैलाको प्रयोग, प्रशोधन, पुन: प्रयोग गर्ने सम्बन्धमा भए बुझाउन मञ्जुर गरिएको रोयल्टी।

(३) फोहर मैला व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधिनमा रही दफा १६ बमोजिमको शुल्क उठाउन सक्ने छ।

(५) फोहोरमैला ब्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५. फोहोरमैला ब्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिने :** (१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ।

(३) यसरी अनुगमन गर्दा तोकिएको मापदण्ड अनुरुप नभए समयावधी तोकी मापदण्ड अनुरुप गर्न लगाउने र तोकिएको समयावधि भित्र मापदण्डको पालना नगरे त्यस्ता ब्यक्ति, संस्था वा कम्पनीलाई दिएको स्वीकृत नगरपालिकाले रद्द गर्न सक्नेछ।

**१६. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने :** (१) नगरपालिकाले प्रचलित कानूनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ।

(२) सामुदायिक वा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा काम गर्दा फोहोरमैला न्युनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला संकलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको वन्द पश्चातको व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न गराउन सकिने छ।

## परिच्छेद – ५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**१७. सेवा शुल्क उठाउन सक्ने:** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित ब्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिएका अन्य आधारमा गरिने छ।

(३) उपदफा (१) र (२), बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिका आफैले वा नगरपालिकाले तोकेको संस्था वा निकायमार्फत समेत उठाउन सकिने छ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा १४ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमति वा सम्झौताको आधारमा फोहोरमैला ब्यवस्थापन गरेवापत सम्बन्धित ब्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संकलन गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा छुट्टै कोष खडा गरी उक्त रकम फोहोरमैला व्यवस्थापन, वातावरणीय संरक्षण, सचेतना कार्यक्रम तथा फोहोरमैला ब्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ।

**१८. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :** (१) नगरपालिकाले दफा १७ बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्न दफा १४ बमोजिम जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले दफा १७ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा तत्काल नगरपालिकालाई जानकारी दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको ब्यवस्थापन सम्बन्धित ब्यक्ति, घरधनी, संस्था वा निकायले आफैंले गर्नुपर्नेछ।

(४) सेवाग्राहीले दफा १७ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुन: सेवा प्रदान गरिनेछ।

## परिच्छेद – ६

## प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

१९. **प्रदुषण नियन्त्रण:** (१) आफ्नो क्षेत्रभित्रबाट संकलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदुषण रहित ढंगले व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) नगरपालिकाले संकलित फोहोरमैला निष्कासन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्डको पालना गर्नुपर्नेछ।

२०. **फोहोरमैला व्यवस्थापनको अनुगमन:** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ।

(४) प्राप्त प्रतिवेदनमा औल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

(५) नगरपालिकाले यस दफा बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै वडा स्तरीय र नगर स्तरीय संयन्त्र निर्माण गरी कार्यादेश तोकिए बमोजिम दिन सक्नेछ।

२१. **फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) नगरपालिकाले मुलत: देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ,

क) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण,

ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन,

ग) प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रुपले पछाडी परेका विपन्न वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम ।

**परिच्छेद – ७**

**फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :**

२२. **फोहोरमैला व्यवस्थापन समिति गठन :–** (१) फोहोरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन बोर्ड रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) नगरप्रमुख – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, – सदस्य

(ग) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगरकार्यपालिकाबाट मनोनित गरेका कम्तिमा एक जना महिला सहित दुई जना – सदस्य

(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक – सदस्य

(ङ) स्थानीय व्यवसायीहरुको प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका एक जना महिला सहित दुई जना – सदस्य

(च) फोहोरमैला व्यवस्थापन प्रभावित क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरु मध्येवाट नगर कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना – सदस्य

(छ) फोहोरमैला व्यवस्थापन र खानेपानी तथा सरसफाईसँग संवन्धित संस्थाहरु मध्येवाट नगर कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना – सदस्य

(झ) योजना शाखा प्रमुख – सदस्य

ञ) नगरपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन सम्बन्धि विज्ञ १ जना –सदस्य

(ट) टोल विकास संस्थाहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका कम्तिमा एक जना महिला सहित दुई जना – सदस्य

(ठ) वडा स्तरीय सरसफाई समितिको संयोजकहरु मध्येबाट नगर प्रमुखबाट मनोनित एक जना – सदस्य

(ड) फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख –सदस्य सचिव

(४) फोहर व्यवस्थापनमा संलग्न निजी क्षेत्रका प्रतिनिधिलाई बोर्डमा आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

२३. **समितिको काम कर्तब्य र अधिकार :** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने।

(ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरु वीच समन्वयको लागि नीतिगत ब्यवस्था गर्ने।

(ग) फोहोरमैला व्यवस्थापनका लागि शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने।

(घ) फोहोरमैला एकीकृत रुपमा ब्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने।

(ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने।

(च) तोकिए बमोजिम अन्य काम गर्ने।

२४. **समितिको बैठक सम्बन्धी ब्यवस्था :** (१) समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(३) सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ।

(४) बैठकको निर्णय सामान्यत: सहमतिमा गरिनेछ। सहमति हुन नसकेमा बहुमतको आधारमा हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछन्।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **वडा समिति :** प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय फोहरमैला व्यवस्थापन समिति रहनेछ।

१. सम्बन्धित वडाका वडा अध्यक्ष - (अध्यक्ष)

२. वडा समितिका सदस्यहरु (सदस्य)

३. वडा भित्र रहेका टोल विकास संस्थाको अध्यक्षहरु मध्येबाट वडा समितिले तोकेका १ जना (सदस्य)

४. खानेपानी तथा सामुदायिक वनको प्रतिनिधी एक एक जना (सदस्य)

५. वडामा कृयाशिल संघ संस्थाहरु मध्येबाट वडा समितिले तोकेका २ जना (सदस्य)

६. सम्बन्धित वडाका वडा सचिव (सदस्य सचिव)

## परिच्छेद – ८

## कसूर र दण्ड सजाय

२६. **कसूर:** कोही कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ,

(क) नगरपालिकाले तोकि दिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने,

(ख) कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला ब्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्ने,

(च) फोहोरमैला संकलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहोर मिसिएर निस्केको (दुषित) पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउने,

(झ) तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने,

(ञ) रसायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने वा निष्कासन गर्ने,

(ट) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ठ) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ड) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी दफा ५ को विपरित फोहोरमैला मिसाएर निष्कासन गर्ने,

(ढ) मरेको वा मारेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि लगायत अन्य फोहोरमैला सार्वजनिक स्थल, सडक, गल्ली, नदी, खोला चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**२७.** **सजाय:** (१) दफा २६ को उपदफा (क) बमोजिम कसूर गर्ने ब्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए ५ हजार रुपैया सम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा ५ हजार रुपैया देखि १० हजार रुपैया सम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १५ हजार रुपैयाका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ।

(२) दफा २६ को उपदफा (ख) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले ५ सय रुपैया देखि ५ हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा २६ को उपदफा (ग) बमोजिम कसूर गर्नेलाई नगरपालिकाले १५ हजार रुपैयाँ देखि ५० हजार रुपैयाँ सम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ।

(४) दफा २६ को उपदफा (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई १५ हजार रुपैयाँ देखि ५० हजार रुपैयाँ सम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(५) दफा २६ को उपदफा (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले ५ हजार रुपैयाँ देखि १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(६) दफा २६ को उपदफा (छ), (ज) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले ५ हजार रुपैया देखि १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(७) दफा २६ को उपदफा (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले ३ हजार रुपैयाँ देखि ५० हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(८) दफा २६ को उपदफा (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले ५० हजार रुपैयाँ देखि १ लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ। सोही कसूर पुन: गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(९) दफा २६ को उपदफा (ट) र (ठ) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार नगर कार्यपालिकाले आवश्यक दण्ड जरीवना गर्न सक्नेछ।

(१०) दफा २६ को उपदफा (ड) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक ५ सय रुपैया जरिवाना गर्न सक्नेछ।

२८. **सेवा सुविधा रोक्का गर्न सकिने :** (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने ब्यक्तिलाई नगरपालिकाबाट उपलब्ध हुने कुनै पनि सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घरजग्गा विक्री रोक्का गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ । तर यसरी लेखि पठाउनु अघि सम्बन्धित ब्यक्तिलाई सो सम्बन्धमा लिखित जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

२९. **पुनरावेदन दिन सक्ने :** (१) दफा २७ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित नगरपालिकाको न्यायिक समिति समक्ष पुनरावेदन दिन सक्ने छ ।

## परिच्छेद – ९

## विविध

३०. **स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन:** (१) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पुर्व फोहोरमैलाको समुचित व्यवस्थापनको सुनिश्चितता गरेर मात्र अनुमति दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिदा स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष सर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

(३) नगरपालिका भित्र संचालनमा रहेका सरकारी, सामुदायिक, अर्ध सरकारी निजी, अस्पताल तथा क्लिनिकहरु लगायतका संस्थाहरुसँग नगरपालिकाले साझेदारी गरी स्वास्थ्य संस्थाजन्य फोहोर प्रशोधन तथा भण्डारण केन्द्र तोकिए बमोजिम संचालन गर्न सकिने छ ।

३१ **रासायनिक विषादी सम्बन्धी ब्यवस्था:** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नुपर्ने छ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित ब्यक्ति वा संस्थाको हुनेछ ।

३२. **फोहोरमैला व्यवस्थापन कोष:** (१) नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन कोष रहने छ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिने छ ।

(क) दफा १७ वमोजिम प्राप्त हुने सेवा शुल्क वापतको रकम,

(ख) दफा १४ वमोजिम प्राप्त हुने शुल्क रकम र रोयल्टी वापतको रकम,

(ग) दफा २६ वमोजिम जरिवाना वापत प्राप्त हुने रकम,

(घ) संघीय वा प्रादेशिक सरकारवाट फोहोरमैला व्यवबस्थापनका लागी प्राप्त हुने अनुदान रकम,

(ङ) नगरपालिकाले निर्णय गरी उक्त कोषमा राख्ने रकम,

(च) अन्तरराष्ट्रिय तथा राष्ट्रिय संघ संस्था वा निकायवाट फोहोरमैला व्यवस्थापनका लागी प्राप्त हुने अनुदान र सहयोग रकम,

(छ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै श्रोत वाट प्राप्त हुने रकम।

(२) यस दफा वमोजिम कोषको रकम खर्च गर्दा नगरपालिकाले आवश्यक कार्यक्रम वनाई फोहोरमैला व्यवस्थापन कार्यमा मात्र खर्च गर्नु पर्नेछ।

(३) यस कोषको लेखा, खर्च प्रकृया र लेखापरिक्षण सम्वन्धी व्यवस्था नगरपालिकाको अन्य कोष सरह हुनेछ।

(४) कोषको खाता संचालन तोकिए बमोजिम हुनेछ।

३३. **फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक संस्थाको अभिलेख राख्ने :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरुको अद्यावधिक विवरण राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्न सकिनेछ।

३४. **स्वीकृति लिनुपर्ने :** (१) नगरपालिकाले कुनै विदेशी ब्यक्ति, संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्रदेश / संघीय सरकारको पूर्व स्वीकृति लिई गराउनु पर्नेछ।

३५. **पुरस्कार दिन सकिने :** (१) फोहोरमैला ब्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने ब्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने ब्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ।

३६. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ।

३७. **कार्यविधि, मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने :** (१) यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि वेग्ला वेग्लै कार्यविधि, मापदण्ड वा निर्देशिका बनाई जारी गर्न सक्नेछ।

३८. **प्रचलित कानून बमोजिम हुने :** (१) फोहोरमैला सम्बन्धी विषयमा नेपाल सरकारको फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा लेखिएको विषयमा सोही ऐन बमोजिम र यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम हुनेछ।

अनुसूची '१'

फोहरमैलाको वर्गिकरण

| साधारण फोहरमैला | | | हानिकारक फोहरमैला | |
|---|---|---|---|---|
| **जैविक फोहर** | **अजैविक फोहर** | **अन्य** | **स्वास्थ्य संस्थाजन्य फोहर** | **ओद्यौगीक फोहर** |
| भान्साको फोहर, बचेको खाना, कागज, तरकारी तथा फलफुलका बोक्रा /विगा, पात पतिंगर, झारपात, | प्लाष्टिकका सामान, कार्ड वोर्ड, पेपर, प्याकेजिङ पेपर, शिसा, मेटल, जुत्ता, चप्पल, पुरानो कपडा | निर्माणजन्य फोहरमैला,पशु तथा पंक्षी जन्य फोहोर, धुलो/कसिंगर,ढल या नालीमा जाने फोहोर पानी | म्याद नागेका औषधिहरु, सिरिन्ज, निडिल, धारिला हतियार एवं औजारहरु, पन्जा/माक्स, काटिएका शरिरका अंगहरु, रगतका पोका, ब्यान्डेज | केमिकलहरु,विषालु ग्यास, खरानी, हेवि मेटल, मर्करी, लिड, रंग, विषादीहरु, केमिकल फटिलाईजर, पोलिस |

उपरोक्त बमोजिम बाहेकका फोहरहरुको वर्गिकरण तोके बमोजिम हुनेछ।

आज्ञाले,
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.१०।–